सम्मरीमाई गाउँपालिकाको पशुसेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

प्रमाणीकरण मिति

२०७६।०४।१०

सम्वत् २०७६ सालको कार्यविधि नं. १२

प्रस्तावना : देशको कुल ग्राहस्थ उत्पादनमा एक तिहाई भन्दा बढि कृषि तथा पशुपालन क्षेत्रबाट प्राप्त हुने र दुईतिहाइ भन्दा बढि जनसंख्याको रोजगारी तथा आयआर्जनका लागि यस क्षेत्रमा निर्भर रहने हुदाँ नेपालको अर्थतन्त्रमा कृषि तथा पशुपालान क्षेत्रको महत्वपूर्ण भूमिका रहेको छ । नेपालमा प्रत्येक वर्ष दशौ लाख उत्पादनशिल युवाहरु वैदेशिक रोजगारिमा जाने अवस्था विद्यमान छ । परम्परा देखि अपनाइ रहेको पशुपालन पेशामा बढोत्तरी गर्दै समय सापेक्ष पेशालाइ मर्यादित र आयमूलक बनाउन जरुरी छ । सम्मरीमाइ गाँउपालिका भौगोलिक, सामाजिक र सांस्कृतिक रुपमा पनि पशुपालन पेशाका लागि उपयुक्त क्षेत्रको

रुपमा रहेको छ । यहाका बिदेशिन हजारौ युवालाई पशुपालन पेशामा समाहित गर्न सकेमा पशुजन्य पदार्थको उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याउन सकिने तथा बेरोजगारी समस्यालाई पनि समाधान गर्न सकिने प्रशस्त सम्भावना रहेको छ । यसै सन्दर्भमा सम्मरीमाई गाउँपालिकाबाट पशुसेवा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि पशुसेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ तयार गरी स्वीकृत गरिएको छ ।

परिच्छेद-१
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यो कार्यविधिको नाम "पशुसेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. कार्यक्रमको उद्देश्य तथा नितिहरु : यस कार्यविधिका उद्देश्य तथा नितिहरु निम्न बमोजिम रहने छन :

(१) निर्बाहमुखी पशुपालन पेशालाई व्यबसायिक पशुपालनमा रुपान्तरण गर्न समय सापेक्ष प्रबिधिहरुको उपयोगमा कृषकहरुलाई प्रोत्साहन गरिने छ ।

(२) युवाहरुको बढदो बिदेश पलायन हुने क्रमलाई रोक्न तथा बिदेशमा बसी सम्बन्धित क्षेत्रमा सीप प्राप्त गरेका र स्वदेशमै पशुपालन गरी देशलाई दूध,अण्डा र मासु जस्ता पशुजन्य उत्पादनमा आत्मनिर्भर गराउन योगदान पुऱ्याउने युवा कृषकहरुलाई लक्षित गरी पशुपालनलाई आवश्यक सहयोग प्रदान गरिने छ ।

(३) बिभिन्न संक्रामक पशुरोगबाट बचाउन गाउँपालिका क्षेत्रका व्यवसायिक फार्महरु तथा उच्च जोखिम क्षेत्रहरुमा खोरेत, भ्यागुते लगायतका रोगहरु विरुद्ध खोप कार्यक्रम सञ्चालन गरिनेछ ।

(४) स्वस्थकर पशुजन्य खाद्य पदार्थ उपभोक्तालाई उपलब्ध गराउन गाउँपालिका क्षेत्रमा संचालित डेरीपसल तथा मासुपसल अनुगमनको ब्यबस्था गरिने छ । पशुस्वास्थकर्मी व्यवसायिक फर्म, समूह, सहकारी, पशुऔषधि पसलको दर्ता नबिकरण तथा अनुगमनको ब्यबस्था गरिने छ ।

(५) पशु नश्ल सुधारको लागि कृत्रिम गर्भाधान कार्यक्रमलाई ब्यापक बनाईने छ ।

(६) महामारी रोग नियन्त्रणका लागि सचेतना कार्यक्रम तथा व्यवसासिक कृषकहरुसँग अन्तर्क्रिया गरिने छ । साथै उत्कृष्ट पशुपालक कृषकलाई पुरस्कारको व्यवस्था समेत गरिने छ ।

(७) व्यवसायिक पशुपालनका लागि अति आवश्यक उन्नत घाँसखेति तर्फ कृषकहरुलाई आर्कषित गर्न तथा उन्नत घाँसको क्षेत्र बिस्तारका लागि कृषकहरुलाई घाँसको बिउ/बेर्ना उपलब्ध गराइने छ ।

(८) आकस्मिक जोखिमबाट पशुधनलाई सुरक्षित गर्न पशुविमा तर्फ कृषकहरुलाई प्रोत्साहन गरिने छ ।

(९) उपरोक्त सबै कार्यक्रमहरु सम्वन्धित गाउँपालिकाको पशुसेवा इकाई मार्फत गरिने छ ।

(१०) पशुपालन गरी कृषकहरुबाट उत्पादीत पशुजन्य उत्पादनको व्यवसायिक विक्री वितरण प्रक्रियाको प्रवर्द्धन र कृषकहरुलाई यस पेशामा आकर्षण गर्न विक्रि गरिएको परिमाणको आधारमा कृषक अनुदान सहयोग कार्यक्रम सञ्चालन गरिने छ ।

३. पशुसेवा कार्यक्रम सञ्चालन तथा कार्यान्वयन प्रक्रिया :

सम्मरीमाई गाउँपालिकाको गाउँसभाबाट पारित पशुपन्छी सेवाका तपशिल बमोजिमका पुँजीगत र चालु कार्यक्रमहरु तपशिल बमोजिमको प्रक्रियाबाट सञ्चालन गरिने छ :

(१) पुँजीगत खर्च अन्तर्गतको मेशिनरी औजार तथा उपकरण खरिद : अनुत्पादक स्थानीय पशुको संख्यामा कमि ल्याउन तथा प्रजनन् कार्यमा उन्नत नश्लमात्र प्रयोग गर्नका लागि भाले पशुहरुलाई बधिया बनाउने उद्देश्यले कृषकलाई फिल्ड स्तरमा सेवा पुर्‍याउनका लागि भेटेरीनरी औजार तथा उपकरणहरु जस्तैः वर्डिजो क्यास्ट्रेटर, कुल बक्स, लगायत सर्जिकल सामानहरु आवश्यकता पर्ने भएकोले सार्बजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अर्न्तगत बजेटको परिधि भित्र रहि खरिद गरिने छ ।

(२) व्यवसायिक फार्म प्रवर्द्धन कार्यक्रम : व्यवसायिक फार्महरुको क्षमता बिस्तार गरी दूध तथा मासुजन्य बस्तुमा आत्मनिर्भरता हासिल गर्न तथा निर्यात प्रवर्द्धधन समेतका लागि उनीहरु लाई आधुनिक र सहज ढङ्गले आहार खुवाउन तथा समयको किफायतका लागि बिद्युतिय च्यापकटर लगायतका

औजार उपकरण खरिद तथा बितरण कार्य गरिने छ । जसको लागि साझेदारीमा (कृषकले ५०% व्यहोर्ने गरि) कृषकहरुलाई प्रस्ताव आवह्नन गरिने तथा फिल्ड भेरिफिकेशन गरेर बास्ताबिक कृषकको आवश्यकतालाई मध्यनजर गरेर ५० प्रतिशत रकम कृषकले लगानी गर्ने गरी औजार उपकरण खरिद गरिने छ । यस कार्यमा कृषकहरु अग्रसर भएमा खरिद प्रक्रियामा अनुदान समेत उपलब्ध गराउन सकिने छ ।

(३) पशु स्वास्थ्य प्रवर्द्धन कार्यक्रम/पशु स्वास्थ्य उपचार कार्यक्रम : यस शिर्षक अनुसार तपशिलका कार्यक्रम सञ्चालन गरिने छ ।

(क) नियमित उपचार सेवा: सम्मरीमाई गाउँपालिकाको क्षेत्रभित्र पशुपंछी पालन गर्ने सम्पूर्ण कृषक/सेवाग्राहीहरुको लागि आफ्ना पशुवस्तुमा लाग्ने रोगहरुको नियमित उपचारका लागि यस शिर्षकमा बिनियोजित रकम खर्च गरिने छ । यसको खर्च सार्वजनिक खरिद ऐन नियम अनुसार हुनेछ ।

(ख) आकस्मिक उपचार तथा महामारी रोग नियन्त्रण (खोप सेवा) : बेलाबेलामा गाउँपालिका क्षेत्रमा फैलिने संक्रामक रोगहरु जस्तै : भ्यागुते, खोरेत, रेबिज लगाएतका रोगहरुबाट हुने क्षतिलाई कम गर्न रोग प्रतिरोधात्मक कार्यहरु (भ्याक्सिनेसन) तथा आकस्मिक उपचारका लागि यस शिर्षकको रकम खर्च गरिने छ । यसको खर्च सार्वजनिक खरिद ऐन नियम अनुसार हुनेछ ।

(ग) पशु स्वास्थ्य शिविर : सम्मरीमाई गाउँपालिका पशु सेवा इकाईबाट नियमित तथा दैनिकरुपमा उपचार सेवा प्रदान गर्दागर्दै पनि सेवाको पहुँचबाट टाढा परेका कृषकहरुको समस्यालाई मध्यनजर गर्दै यस गाउँपालिकाबाट पशु स्वास्थ्य शिविर सञ्चालनका लागि विनियोजित रकम र कार्यान्वयन स्थलको परिधिमा रहि पशु स्वास्थ्य शिविर सञ्चालन गरिने छ । यसको खर्च सार्वजनिक खरिद ऐन नियम अनुसार हुनेछ । उल्लेखित कार्यक्रमको योजना निम्न तालिका अनुसार तयार गरिने छ ।

सि.नं.	क्रियाकलाप	कार्यान्वयन क्षेत्र	ईकाई	परिमाण	जम्मा रकम

४. सचेतना अभिवृत्ति कार्यक्रम :

(१) व्यवसायिक किसानहरुको लागि कार्ड वितरण कार्यक्रम : सम्मरीमाई गाउँपालिका अन्तर्गत रहेका पशुपालक/पंक्षीपालक कृषक मध्येबाट आधुनिक र दीगो प्रविधि अपनाई पशुपालन गर्ने, वातावरणीय प्रभावलाई ख्याल गरी पशुपालन गर्ने, स्वरोजगार सिर्जना गर्ने तथा अन्यलाई रोजगारी समेत उपलब्ध गराउने, अन्य कृषकहरुको लागि अनुकरणीय व्यवसायिक पशुपालक कृषकहरुको फिल्ड अनुगमन गरी तथ्याङ्क संकलन पश्चात, व्यवसायिक किसान छनोट गरी परिचय पत्र/कार्ड वितरण गर्ने र त्यस्ता कृषकहरुलाई थप प्रोत्साहानका लागि प्राथमिकता दिइनेछ ।

(२) यूवा स्वरोजगार कृषक तालिम : सम्मरीमाइ गाउँपालिका क्षेत्रभित्र रहेका व्यवसायिक र व्यवसाय उन्मुख कृषकहरु जो आधुनिक प्रविधि, ज्ञान र सीप हाँसिल गर्न चाहन्छन् उनीहरुको लागि सीपमुलक व्यवसायिक तालिमको आयोजना गरिनेछ । तालिममा प्रत्येक वडाबाट पशुपालन व्यवसाय तर्फ उन्मुख उपयुक्त संख्यामा कृषक छनोट गरिनेछ । तालिम समय अवधि ५ दिने हुनेछ । जसको लागि खर्चको व्यवस्था सार्वजनिक खरिद ऐन नियम तथा गाउँपालिकाको तालिम, गोष्ठी, कार्यशाला तथा अध्ययन, भ्रमण खर्च सम्बन्धि निर्देशिका मा रहेको प्रावधान बमोजिम गरिनेछ ।

५. अनुगमन, मूल्यांकन र रिर्पोटिङ्ग : सम्मरीमाई गाउँपालिका पशुसेवा इकाई अर्न्तगत सञ्चालन हुने विभिन्न कार्यक्रमहरुको आन्तरिक र वाह्य अनुगमन कर्ताहरुद्वारा अनुगमन, मूल्याङ्कन गरी सम्बन्धित निकायहरुमा रिर्पोटिङ गरिनेछ ।

६. पशु स्वास्थ्य नियमन कार्यक्रम :

(१) डिजिज सर्भिलेन्स तथा रिपोर्टिङ्ग, इपिडिमियोलोजिकल रिपोर्टिङ्ग, आउटब्रेक इन्भेस्टिगेशसन : यस गाउँपालिका क्षेत्रभित्र पशुजन्य पदार्थका उत्पादक तथा बिक्रेताद्वारा उत्पादित तथा बिक्रि वितरण गरिने खाद्य वस्तुहरु स्वस्थकर तथा उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर नपर्ने किसिमले उत्पादन कार्यलाई प्राथमिकता दिइनेछ ।

यहाँका पशु तथा पंक्षीहरुलाई गुणस्तरीय औषधोपचार होस् भन्ने हेतुका साथ बेलाबेलामा पशुस्वास्थ्य नियमन, निरीक्षण तथा अनुगमन गरिनेछ ।

गाउँपालिका पशुसेवामा क्रियाशिल पशु चिकित्सक/पशुसेवा प्राविधिकहरुद्वारा निरीक्षण तथा अनुगमन गरिनेछ ।

७. युवा/व्यवसायिक कृषक स्वरोजगार कार्यक्रम :

बर्तमान अवस्थामा पशुपालन पेशालाई कठिन तथा अपमानित पेशाको रुपमा बुझ्ने तथा यस व्यवसायबाट पलायन हुने र बैदेशिक रोजगारीमा जाने क्रम बढ्दो रहेको छ । पशुपालनमा आबश्यक पशुआहारको अभाव, उन्नत र उत्पादनशिल पशुको अभाव, बजार मूल्य श्रृखलामा आएको उतार चढाव आदिका कारणले गर्दा पशुपालन व्यबसायनै धरापमा पर्ने अबस्थामा पुगेको छ । जसले गर्दा देशले बर्षेनी अरबौको पशुजन्य पदार्थ आयात गर्नुपर्ने अबस्था छ । उक्त कुरालाई मध्य नजर गरीं पशुपालनमा आबद्ध कृषकहरुलाई थोरै मात्रामा भएपनि राहात दिने र यो पेशालाई दिगो र आयमुखी गराउने उद्देश्यले युवा/व्यवसायिक कृषक स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।

कार्यक्रममा सहभागि हुन चाहने कृषकको मापदण्ड तपशिल बमोजिमको हुनेछ :

(१) हाल गाईमा न्यूनतम ५ माऊ, भैंसिमा ५ माऊ, बाखामा ३० माऊ, बंगुर ५ माऊ, कुखुरा बार्षिक १००० माऊ, माछा १.५ रोपनी (पोखरी) र उल्लेखित पशु पंछी पालिरहेका कृषक ।

(२) कार्यक्रममा सहभागि भई व्यवसायलाई दिगो रुपमा निरन्तरता दिन चाहाने/सक्ने कृषक ।

(३) उन्नत घाँस खेति गरेको वा गर्न सकिने जग्गा भएको कृषक ।

(४) पशुपालनका आधुनिक पद्धतिहरुलाई अबलम्बन गर्न चाहाने/सक्ने कृषक ।

(५) कार्ययोजना अनुसार न्यूतनतम ५०००० सम्म अनुदान प्रदान गर्न सकिने छ र सो भन्दा बढि रकम कृषक आफैले लगानि (स्व-लगानि) गर्न सक्ने कृषक ।

प्रस्ताव आह्वान गर्दा निम्न बिषयहरुलाई मध्यनजर गरेर सूचना प्रकाशन गरिनेछ:

(१) फार्मको हाल को अबस्था :- पशुसंख्या, गोठको बनावट, गोठको क्षेत्रफल, उत्पादन, जैविक सुरक्षाको अवस्था ।

(२) ५० प्रतिशत अनुदान प्राप्त पश्चात गरिने कार्यको संक्षिप्त कार्ययोजना ।

प्रस्तावनाका साथ संलग्न गर्नुपर्ने अन्य कागजातहरु :

(क) निबेदन सहित प्रस्ताव पेश बापतको दस्तुर रु.५१०/- (पाँच सय दश) तिरेको रसिद,

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) व्यबसाय सञ्चालन गर्ने स्थानको जग्गाको जग्गाधनि प्रमाण पत्रको प्रतिलिपि (भाडाको जग्गा भए कम्तिमा ५ बर्षको सम्झौता पत्र),

(घ) शैक्षिक योग्यता र तालिमको प्रमाण पत्रको प्रतिलिपि (भएमा मात्र),

(ङ) आन्तरिक राजस्व कार्यालयमा दर्ता भएको पान नं., घरेलु कार्यालय तथा अन्य कुनै कार्यालयमा दर्ता भएको भए सो को प्रमाण पत्रको प्रतिलिपि,

(च) कार्यक्रम सञ्चालन तथा सम्पन्न गर्ने प्रतिबद्धता पत्र,

(छ) कुनै संघ संस्था, समूह समितीमा रहेको भए सो को सिफारिस,

(ज) बैदेशिक रोजगारीबाट फर्केको भए पासपोर्टको प्रतिलिपि तथा अनुभवको प्रमाण पत्रको प्रतिलिपि ।

उल्लेखित बिवरण उल्लेख गरी प्रस्ताव आह्मन गरिसकेपछि फार्महरुले पचास (५०%) प्रतिशत साझेदारीमा व्यवसायलाई प्रवर्द्धनका लागि प्रस्ताव (कार्ययोजना) पेश गर्नेछन । तत्पश्चात गाउँपालिकाबाट फिल्ड भेरिफिकेसन गरी तथ्य/तथ्याङ्कहरु संकलन गरिने छ र गाउँपालिका स्तरीय पशुविकास कार्यदलको बैठक बसी तयार गरिएको चेक लिस्ट तथा मूल्याङ्कनका आधारमा छनौट गरी गाई र भैंसीमा अधिकतम रु.२,००,०००/- दूई लाख तथा बाखामा रु. ५०,०००/- पचास हजार सम्म अनुदान प्रदान गरिनेछ ।

८. मासु पसल सुधार कार्यक्रम (अनुदान मागको आधारमा) :

वर्तमान अवस्थामा बद्दो अव्यवस्थित बजारिकरण तथा गुणस्तरहीन वस्तुहरुको बिक्री वितरण भईरहेकोमा अवस्थामा मानव शरीरका लागि अति आवश्यक पर्ने पशुपंछी जन्य पौष्टिक तत्व (मासु) बिक्रि वितरण तथा वध गर्ने स्थान स्वच्छ, सफा, सुरक्षित र पशु वधशाला तथा मासु जाँच ऐन २०५५ को मापढण्ड बमोजिम सञ्चालित मासु पसललाई थप सुधार गर्नका लागि यस सम्मरीमाई गाउँपालिकाको कार्यालय, पशुसेवा शाखा तर्फको उक्त कार्यक्रम सञ्चालनका लागि बिनियोजित रकमबाट खर्च गरिनेछ ।

प्रस्तावकर्ताको निम्न बिषयहरुलाई मध्यनजर गरेर सूचना प्रकाशन गरिनेछ :

(१) फ्रेस हाउसको हालको अबस्था ।

(२) ५० प्रतिशत अनुदान प्राप्त पश्चात गरिने कार्यको संक्षिप्त कार्ययोजना ।

प्रस्तावनाका साथ संलग्न गर्नुपर्ने अन्य कागजातहरु :

(१) निबेदन सहित प्रस्ताव पेश बापतको दस्तुर रु.१००/- (एक सय) तिरेको रसिद ,

(२) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(३) ब्यबसाय सञ्चालन गर्ने स्थानको जग्गाको जग्गाधनि प्रमाणपत्रको प्रतिलिपि (भाडाको जग्गा भए कम्तिमा ५ बर्षको सम्भौता पत्र)

(४) शैक्षिक योग्यता र तालिम को प्रमाणपत्र को प्रतिलिपि (भएमा मात्र)

(५) आन्तरिक राजस्व कार्यालयको पाना नं., घरेलु कार्यालय तथा अन्य कुनै कार्यालयमा दर्ता भएको भए सो को प्रमाणपत्रको प्रतिलिपि

(६) कार्यक्रम सञ्चालन तथा सम्पन्न गर्ने प्रतिबद्दता पत्र

(७) कुनै संघ संस्था, समूह समितीमा रहेको भए सो को सिफारिस

(८) बैदेशिक रोजगारीबाट फर्केको भए पासपोर्टको प्रतिलिपि तथा अनुभवको प्रमाणपत्रको प्रतिलिपि

उल्लेखित बिबरण उल्लेख गरी प्रस्ताव आह्वान गरिसकेपछि फेसहाउसहरुले पचास (५०%) प्रतिशत साझेदारीमा व्यवसायलाई प्रवर्द्धनका लागि प्रस्ताव (कार्ययोजना) पेश गर्नेछन । तत्पश्चात गाउँपालिकाबाट फिल्ड भेरिफिकेसन गरी तथ्य/तथ्याङ्कहरु संकलन गरिने छ र गाउँपालिका स्तरीय पशुविकास कार्यदलको बैठक बसी तयार गरिएको चेक लिस्टका तथा मूल्याङ्कनका आधारमा छनौट गरी रु.२५,०००/- पच्चिस हजार सम्म अनुदान प्रदान गर्न सकिने छ ।

९. पशुआहारा तथा सेवा कार्यक्रम :

(१) घाँसको बिउ, बेर्ना र सेट्स खरिद तथा बितरण : व्यबसायिक तरिकाले उन्नत र उत्पादनशिल पशुपालनका लागि उन्नत घाँस खेति अनिबार्य छ । उत्पादित बस्तुलाई प्रतिस्पर्धि बनाउनका लागि उत्पादन लागत घटाउनु जरुरी छ । तसर्थ कृषकहरुमा घाँस खेति सम्बन्धी सचेतना अभिबृद्धी होस, घाँस खेतिमा आधारित पशुपालनमा कृषकहरुको आर्कषण बढोस उत्पादन बजारमा प्रतिस्पर्धि बनोस र बिऊ तथा बेर्ना बितरणबाट व्यवसायिक कृषकहरुलाई केही मात्रमा भएपनि राहात पुगोस भन्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको छ । जस अनुसार कृषकहरुसँग घाँस खेतिका लागि माग संकलन गरिने छ । सोहि मागका आधारमा बजेटको परिधि भित्र रहेर खरिद गरिएको घाँस आबश्यकता हेरी समानुपातिक ढङ्गले बितरण गरिनेछ । घाँसको खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन नियमानुसार हुनेछ ।

१०.कृत्रिम गर्भाधानका सामाग्री खरिद :

पशुको जातिय सुधार ल्याउने प्रमुख तथा सजिलो उपाय कृत्रिम गर्भाधान नै हो । पशुको जातमा सुधार नल्याइ उत्पादन र उत्पादकत्व बढाउन नसकीने हुँदा उत्पादनशिल पशुलाई कृत्रिम गर्भाधान गराउन कृषकहरुलाई प्रेरित गर्ने उद्देश्यले यो कार्यक्रम ल्याइने छ । कार्यक्रमका लागि लिक्युड नाईट्रोजन खरिद, लिक्युड नाईट्रोजन भन्डारण गर्न लिक्युड नाईट्रोजन कन्टेनर, सिमेन भन्डारणका लागि मदर कन्टेनर तथा ए.आई. गर्न ए.आई. कन्टेनर, साबुन, ए.आई. सिथ, ए.आई. गर्न, तथा ए.आई. रेफ्री, ए आई ग्लोभ्स, लुब्रीकेन्ट्स तथा थोइङ गर्न थर्मोस लगायतका सामाग्रीहरु नियमानुसार खरिद गरिनेछ ।

११.नश्ल सुधारका लागि प्राकृतिक गर्भाधान कार्यक्रम (गाई, भैसी, बाखा, बंगुर) :

पशुको जातिय सुधार ल्याउनका लागि क्रस ब्रिडिङ्गको महत्वपूर्ण भूमिका हुन्छ, हाम्रो जस्तो भौगोलिक विकटता भएको क्षेत्र र कृषकहरुमा नयाँ प्रविधि सम्बन्धी उचित ज्ञानको कमी तथा न्यून प्राविधिक जनशक्ति भएको अवस्थामा क्रस प्रजनन्को एकदमै महत्व छ । बाखापालन लगायत अन्य व्यवसायको प्रचुर संम्भावना बोकेको यस मर्चवार क्षेत्रका लागि उन्नत जातका बोका वितरण कार्यक्रम सञ्चालन गरी स्थानीय जातका बाखाको जातिय सुधार भई कृषकहरुको आम्दानी बृद्धि गर्ने उद्देश्यले प्राकृतिक गर्भाधानका लागि विनियोजित रकमबाट बाखा पालन कृषक समूहलाई ५०% अनुदानमा बोयर बोका वितरण गरिने छ । समूह छनोट गर्दा कृषक समूहका सदस्यहरुको सक्रियता, बाखा संख्या, माग, समूह दर्ता, नविकरण जस्ता विषयवस्तुलाई प्राथमिकता दिईनेछ । बोका खरिद गर्दा दर्तावाला, जातिय रेकर्ड राखिएको, पशु चिकित्सकको निरीक्षणमा रहेको विश्वासिलो फार्मबाट प्रचलित आर्थिक ऐन नियमानुसार खरिद गरी वितरण गरिनेछ ।

१. २५% बोयर बोका रु. ८०० प्रति के.जी./बाखा रु. ५०० प्रति के.जी. जिउदो शारिरीक तौल (अधिकतम)
२. ५०% बोयर बोका रु. १५०० प्रति के.जी./बाखा रु. १००० प्रति के.जी.जिउदो शारिरीक तौल (अधिकतम)
३. ५०% जमुनापारी क्रस बोका रु. ६०० प्रति के.जी./बाखा रु.४०० के.जी. जिउदो शारिरीक तौल (अधिकतम)

१२.कृषक पाठशाला सञ्चालन :

कृषक पाठशाला एउटा यस्तो थलो हो, जहाँ २० देखि २५ जना कृषकहरुले सामूहिक रुपमा खोजपूर्ण सिकाईका तरिकाहरु अपनाई पर्यावरणीय विश्लेषणमा आधारित भई स्वस्थ, सफा, स्वच्छ वाली वा पशुपंछी उत्पादनका वारेमा सिक्ने र सिकाउने कार्य गर्दछन् । यो भित्ता विनाको पाठशाला हो । यस पाठशालामा कक्षा कोठामा पठनपाठन गर्नुको सट्टा कृषकको खेतवारी वा पशुपालन गर्ने थलो (गोठ, खोर वा चरन) लाई अध्ययन थलोको रुपमा प्रयोग गरिन्छ । कृषक पाठशालामा एक दुई जना सहजकर्ताले सिकाई प्रक्रियाको सहजिकरण गर्दछन् । यहाँ कृषकहरुलाई वाली वा पशु विषेशको परिवेश अवलोकन, विश्लेषण तथा समूह छलफलको आधारमा ठोस निर्णय लिई तत्काल देखिएका समस्या समाधान गर्न सक्ने गरी दक्षता अभिवृद्धि हुने वातावरण सिर्जना गरिन्छ । कृषक पाठशाला सहभागिहरुको व्यक्तित्व विकास, नेतृत्व विकास र शसक्तिकरणको एउटा प्रभावकारी माध्यम हो । सो पाठशाला कार्यक्रम सञ्चालन अवधि १६ हप्ता हुनेछ । आवश्यकता अनुसार कार्यस्थल निर्धारण गरिनेछ भने सार्वजनिक खरिद ऐन तथा यस गाउँपालिकाको खर्चको मापदण्डको आधारमा कार्यक्रम सञ्चालन गरिने छ ।

अनुसूची-१

सम्मरीमाई गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

फरेना, रुपन्देही

प्रदेश नं. ५, नेपाल

पशुपालन (गाई भैसी पालन/बंगुर प्रवर्द्धन/बाख्रा प्रवर्द्धन/पशुपंछी) र प्रवर्द्धन सम्बन्धी व्यवसायिक कृषक/यूवा लक्षित कार्यक्रमको प्रस्ताव आह्वानको सूचनाको ढाँचा

युवा लक्षित/व्यवसायिक कृषक लक्षित कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति ....

यस कार्यालयको आ.व. २०..../........ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार यूवा/व्यवसायिक कृषकहरुलाई पशुपालन (व्यवसायिक गाई भैंसी/बंगुर प्रवर्द्धन/बाख्रा प्रवर्द्धन/पशुपंछी प्रवर्द्धन) सम्बन्धी कार्यक्रमको माध्यमबाट स्वरोजगार प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुदाँ ईच्छुक व्यवसायिक कृषकहरुबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । यों सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३५ दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनुपर्नेछ । पूनश्चः आवेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचना द्वारा सूचित गरिन्छ । प्रस्तावक यूवा/व्यवसायिक कृषक, साझेदारी फार्महरुले सरकारी निकायवाट विगत २ आर्थिक वर्ष सम्ममा नगद वा वस्तुगत अनुदान सहयोग लिई सकेका भए उल्लेखित पक्षहरु छनौट प्रक्रियामा समावेश हुने छैनन् ।

तपशिलः

१. अनुसूची-२ अनुसारको आवेदन फाराम,
२. अनुसूची-३ अनुसारको संक्षिप्त कार्य योजना,
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि,
४. अन्य प्रमाणितं प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौता पत्र आदि) को प्रतिलिपि,
५. वैदेशिक रोजगारीवाट फर्केको भए सोको प्रमाण पत्र,
६. कार्यक्रम कार्यान्वयन गर्ने स्थलको विवरण ।

अनुसूची-२

पशुपालन (गाई भैसी पालन/बंगुर प्रबर्द्धन/बाखा प्रबर्द्धन/पशुपंक्षि बजार प्रबर्द्धन) सम्बन्धी कार्यक्रममा अनुदान सहयोग प्राप्त गर्नका लागि दिईने आवेदन पत्रको ढाँचा

श्रीमान अध्यक्ष ज्यू
सम्मरीमाई गाउँपालिका
फरेना, रुपन्देही ।

विषय : युवा/व्यवसायिक कृषक लक्षित अनुदान सहयोग कार्यक्रम उपलब्ध गराईदिने बारे ।

महोदय,

मलाई उक्त अनुदान सहयोग प्राप्त गरी .... कार्य गर्न तिब्र ईच्छा भएकोले नियमानुसार कागजात राखी यो निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रक्रिया अनुसार सम्बन्धित गाउँपालिका भित्रै रही कार्य गर्ने छु । पुनश्च: तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

तपशिल :

१. अनूसूची-३ अनुसारको संक्षिप्त कार्य योजना
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
३. फर्म/समूह/समिति/सहकारी भएकोमा सम्बन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपी वा व्यक्तिगत कृषक भएको स्वघोषणा पत्र ।
४. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा सम्झौता पत्र) आदिका प्रतिलिपीहरु
५. वैदेशिक रोजगारबाट फर्किएका हकमा पासपोर्टको प्रतिलिपि ।
६. पर्यावरणीय असरको न्यूनिकरण गर्ने उपाय र जैविक सुरक्षा सम्बन्धि विवरण ।
७. समूह/समिति/सहकारिका सदस्यहरुको परियोजना पेश गर्न र परियोजना छनोट भएमा कार्यान्वयन गर्ने प्रतिबद्धता ।
८. कार्यक्रम कार्यान्वयन स्थलको फोटो ।

निवेदकको
नाम:
दस्तखत:
संस्था/व्यक्ति:
ठेगाना:
फोन नं.

अनुसूची-३

पशुपालन (गाई भैंसि पालन/बंगुर प्रबर्द्धन/बाखा प्रबर्द्धन/पशुपंक्षी बजार प्रबर्द्धन सम्बन्धी

कार्यक्रमको अबधारणाको संक्षिप्त व्यवसायिक कार्य योजनाको नमूना

व्यवसायिक बाखा फार्म प्रबर्द्धन कार्यक्रम

१.व्यवसायको परिचयः
२. उद्देश्यहरुः
३. बाखा पालन व्यवसायमा अनुभवः
४. व्यवसाय सञ्चालन गरिने स्थानको संक्षिप्त विवरणः
५. व्यवसाय सञ्चालनका लागि रहेका पूर्वाधारहरुः
६. सहकार्यमा सञ्चालन गरिने प्रस्तावित कार्य विवरणः

क.सं.	सञ्चालन गरिने क्रियाकलाप	अनुदान सहयोग (रु)	निजि लगानी (रु)	जम्मा लगानी (रु)
	जम्मा			

नोटः सहकार्यमा बाखापालन गर्ने फर्म/समिति/सहकारीले न्यूनतम अनुदान रकम बराबरको रकम प्रस्ताबित योजनामा समावेश गर्नु पर्नेछ ।

७. उत्पादित बस्तुको बजार योजनाः
८. अपेक्षित वार्षिक प्रतिफलः

प्रस्ताव पेश गर्ने :
फर्म/समूह/समिति/सहकारीको नाम : सम्पर्क नं.
ठेगाना : गाउँ/टोल वडा नं. गा.पा. जिल्ला :
बाखापालन गरिने स्थान :

फर्म/समूह/समिति/सहकारीको तर्फबाट सहि गर्नेको
नामः संस्थाको छापः
पदः
दस्तखतः मितिः

अनुसूची-४ क

पशुपालन (गाई भैंसि पालन/बंगुर प्रबर्द्धन/बाख्रा प्रबर्द्धन/पशुपंक्षी प्रबर्द्धन) कार्यक्रम संचालनको लागि गरिने सम्झौता-पत्र

सम्मरीमाई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, फरेना, रुपन्देहीद्वारा स्थानीय फर्म/समूह/समिति/सहकारी व्यक्तिगत कृषक मार्फत सञ्चालन गरिने आ.ब.२०........... को स्वीकृत **पशुपालन (गाई भैंसि पालन/बंगुर प्रबर्द्धन/बाख्रा प्रबर्द्धन/पशुपंक्षी प्रबर्द्धन) कार्यक्रम** सञ्चालन गर्न सम्मरीमाई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, फरेना, रुपन्देही (यस भन्दा पछाडि पहिलो पक्ष भनिने) र बिशिष्टताको आधारमा छनोट भएका युवा/व्यवसायिक कृषक श्री/सुश्री/श्रीमति...तथा फर्म/समूह/समिति/सहकारी (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) बीच तपशिलका शर्तनामाहरु गरी गराई कार्य सम्पन्न गर्न सम्झौता/सहमति भएको छ ।

शर्तहरु :

१. पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय सञ्चालनको लागि कार्ययोजना अनुसार २ किस्तामा/कार्यविधि अनुसार सामाग्री वा सोजै नगद/ड्राफ्ट/चेक अनुदान स्वरुप उपलब्ध गराउने छ ।

२. दाश्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्राबिधिक जानकारी र सहयोग प्राप्त गरी आफूले आवेदन गरे अनुसारको............................ व्यवसाय सञ्चालन गर्नेछ ।

३. पहिलो पक्षले नियमित रुपमा व्यवसाय सञ्चालन गरे नगरेको अनुगमन गर्नेछ ।

४. गाई भैंसी/बंगुर/ बाख्रापालन/पशुपंछी प्रवर्द्धन गर्ने व्यवसायि कृषकहरुले आफ्नो व्यवसायको बिमा अनिवार्य गर्नु पर्नेछ ।

५. यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप तथा अन्य आकस्मीक विपतमा पहिलो पक्ष जिम्मेवार हुने छैन ।

६. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुनेछ ।

पहिलो पक्ष
सम्मरीमाई गा.पा.को तर्फबाट सहि गर्नेको
नाम
पद
दस्तखत
मिति
सम्पर्क नं.
कार्यलयको छाप

दाश्रो पक्ष
संस्थाको तर्फबाट सहि गर्नेको
नाम
पद
दस्तखत
मिति
सम्पर्क नं.
संस्थाको छाप

औँठाको छाप:

दाँया बाँया

अनुसूची-४ ख

मासु पसल सुधार कार्यक्रम सञ्चालन गर्नको लागि गरिने सम्झौता पत्र

सम्मरीमाई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, फरेना, रुपन्देहीद्वारा स्थानीय फर्म/समूह/समिति/सहकारी, व्यक्तिगत कृषक मार्फत सञ्चालन गरिने आ.व. .... को स्वीकृत **मासु पसल सुधार कार्यक्रम** सञ्चालन गर्न सम्मरीमाई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, फरेना, रुपन्देही (यस भन्दा पछाडि पहिलो पक्ष भनिने) र बिशिष्टताको आधारमा छनोट भएका युवा/व्यवसायिक कृषक श्री/सुश्री/श्रीमति......................................तथा फर्म/समूह/समिति/सहकारी (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) बीच तपशिलका शर्तनामाहरु गरी गराई कार्य सम्पन्न गर्न सम्झौता/सहमति भएको छ।

शर्तहरु :

१. पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय सञ्चालनको लागि कार्ययोजना अनुसार २ किस्तामा/कार्यविधि अनुसार सामाग्री वा सोजै नगद/ड्राफ्ट/चेक अनुदान स्वरुप उपलब्ध गराउने छ।

२. दाश्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्राबिधिक जानकारी र सहयोग प्राप्त गरी आफूले आवेदन गरे अनुसारको............................ व्यवसाय सञ्चालन गर्नेछ।

३. पहिलो पक्षले नियमित रुपमा व्यवसाय सञ्चालन गरे नगरेको अनुगमन गर्नेछ।

४. गाई भैंसी/बंगुर/ बाखापालन/पशुपंछी प्रवर्द्धन गर्ने व्यवसायि कृषकहरुले आफ्नो व्यवसायको बिमा अनिवार्य गर्नु पर्नेछ।

५. यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप तथा अन्य आकस्मीक विपतमा पहिलो पक्ष जिम्मेवार हुने छैन ।

६. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुनेछ ।

पहिलो पक्ष
सम्मरीमाई गा.पा.को तर्फबाट सहि गर्नेको
नाम
पद
दस्तखत
मिति
सम्पर्क नं.
कार्यलयको छाप

दोश्रो पक्ष
संस्थाको तर्फबाट सहि गर्नेको
नाम
पद
दस्तखत
मिति
सम्पर्क नं.
संस्थाको छाप

औंठाको छापः

दाँया बाँया

अनुसूची-५ क

सम्मरीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फरेना, रुपन्देही
प्रदेश नं. ५, नेपाल

.....पालन व्यवसायको प्रस्ताव छनोट गर्दा अपनाइने मूल्याङ्कनका आधारहरु:

क.स.	द.नं.	आवेदकको नाम	ठेगाना	कार्ययोजना(१५)	व्यवसायको सम्भाव्यता/ उपयुक्तता (१५)	शैक्षिक योग्यता (१०)	वैदेशिक रोजगारबाट फर्केको (१०)	पालन/घास खेतीमा तालिम प्राप्त(१५)	पालिरहेको पशुको संख्या (१५)	घाँस खेती गरेको जग्गा र चरनको क्षेत्रफल(२०)	कूल प्राप्ताङ्क (१००)

मुल्यांकन समितिका पदाधिकारिको:

नाम थर:	नामथर:	नाम थर:
पद:	पद:	पद:
दस्तखत:	दस्तखत:	दस्तखत:
मिति:	मिति:	मिति:

अनुसूची-५ ख

स्थलगत मूल्याङ्कन प्रमाणिकरण मूल्याङ्कन फारम

(क) सामान्य जानकारी :

१. जिल्ला
२. आवेदकको नाम
३. कार्यक्रम सञ्चालन स्थलको ठेगाना
४. प्रस्तावित कार्यक्रमको नाम
५. स्थलगत प्रमाणिकरण मिति
६. स्थलगत प्रमाणिकरणमा संलग्न पदाधिकारिको विवरण

सि.नं.	नाम थर	पद	कार्यालय/संस्था	दस्तखत

(ख) आबेदकको मूल्याङ्कन :

क.स.	बिवरण	प्रमाणिकरणमा भेटिएको अवस्था र भार	प्राप्ताक
१	भौतिक क्षमता	३०	
१.१	कार्यक्रम कार्यान्वयन स्थलको जग्गा वा भवन आवेदकको आफ्नै स्वामित्वको छ/छैन		
१.२	प्रस्तावित कार्यक्रम संचालन गर्न प्रयाप्त जग्गा छ/छैन		
१.३	भविष्यमा बिस्तारका लागि जग्गा उपलब्ध हुन सक्ने सम्भावना छ/छैन		
१.४	बाढी पहिरोले क्षति पुर्‍याउन सक्ने सम्भावना छ/छैन		
१.५	कार्यक्रम कार्यान्वयन स्थलमा बाटो, पानी, बिजुलीको सुविधा छ/छैन		
१.६	भौगोलिक हिसाबले उक्त स्थानमा प्रस्तावित कार्यक्रम संचालन गर्ने उपयुक्तता छ/छैन		
२.	प्राविधिक क्षमता	१५	
२.१	प्रस्तावित कार्यक्रम संग मेल खाने क्रियाकलापमा हाल संलग्नता छ/छैन		
२.२	आवश्यक प्राविधिक सेवा टेवा प्राप्त हुन सक्ने अवस्था छ/छैन		
२.३	आवेदक सम्बन्धित विषयको तालिम/अनुभव प्राप्त छ/छैन		
३	वित्तिय क्षमता	१५	
३.१	आवेदकले आवश्यक लागत साझेदारि गर्न सक्ने अवस्था छ/छैन		
३.२	बैंक मौज्दात वा हाल संचालित कारोबारको बचत छ/छैन		
३.३	आवश्यक रकम वित्तिय संस्थाबाट ऋण प्राप्त गर्न सक्ने अवस्था छ/छैन		
४	वातावर्णिय उपयुक्तता	१०	
४.१	कार्यक्रम कार्यान्वयन गर्दा स्थानिय बासिन्दाबाट बिरोध हुन सक्ने अवस्था छ/छैन		
४.२	प्रस्तावित कार्यक्रमले वातावरणमा नकारात्मक असर पुग्न सक्ने अवस्था छ/छैन		
५	अन्य पक्षहरु	२०	
५.१	संस्थागत व्यवसायिक क्रियाशिलता सन्तोषजनक छ/छैन		
५.२	दर्ता/नविकरण/कर चुक्ता/अडिट आदि अद्यावधिक छ/छैन		
५.३	आवश्यक कच्चा पदार्थ प्राप्त हुन सक्ने अवस्था छ/छैन		
५.४	उत्पादित बस्तुको सहज बजारीकरण हुन सक्ने अवस्था छ/छैन		
६	स्थलगत प्रमाणिकरण टोलीको राय	१०	
६.१	आवेदक संग लागत साझेदारि गर्न उपयुक्त छ/छैन		
	जम्मा		

नोट: माथि उल्लेखित प्रत्येक बुँदाको स्थलगत प्रमाणिकरणमा सकारात्मक अवस्था भेटिए ५ अंक देखि र नकारात्मक अवस्था भेटिए ० अंक प्रदान गर्ने । उत्तिर्ण हुनका लागि न्यूनतम ४० अंक प्राप्त गर्नुपर्नेछ । स्थलगत प्रमाणिकरणमा प्राप्त अंकले प्रस्ताव मूल्याङ्कनमा प्राप्त अंक वरियता क्रममा भिन्नता पार्ने छैन तर निर्णायक प्रभाव पार्न सक्नेछ ।

(ग) आवेदकसँग बिद्यमान भवन, सवारी साधन, ठुला मेसिनरी र उपकरणको विवरण :

क.स.	विवरण	संख्या	अवस्था

(घ) स्थलगत प्रमाणिकरणमा भेटिएका अन्य थप विवरण भएमा उल्लेख गर्ने :

१.
२.
३.
४.
५.

(ङ) स्थलगत प्रमाणिकरण टोलिको राय :

स्थलगत प्रमाणिकरणमा भेटिएका तथ्यहरुको आधारमा आवेदकसँग लागत साझेदारी गरी प्रस्तावित कार्यक्रम सञ्चालन गर्न उपयुक्त हुन्छ/हुँदैन भनि राय पेश गर्ने ।

क.सं.	नाम थर	हुन्छ/हुँदैन	दस्तखत